# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/१३/२०७९/०८०

निर्णय नं. (१)

प्रस्ताव नं. (१) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकालाई सम्वोधन गरी प्राप्त हुन आएको छानवीन सम्वन्धमा नामक उजुरी (दर्ता नम्वर ९२०, दर्ता मिति २०७९।०८।१६ गते) का विषयमा यस वैठकमा जानकारी भयो। उजुरी निवेदनमा औंल्याइएको विषयहरुमा स्वतन्त्र र निष्पक्ष तवरले छानवीन गरी एक महिनाभित्रमा गाउँ कार्यपालिकामा राय सहितको प्रतिवेदन पेश गर्न देहायमा उल्लिखित पदाधिकारी तथा विषयविज्ञ सम्मिलित छानवीन समिति गठन गर्ने र उक्त समितिलाई तपसिल वमोजिमको कार्यक्षेत्रगत शर्त समेत तोक्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

## छानवीन समितिको गठनः

| क.सं. | छानवीन समितिमा रहने पदाधिकारी/विषयविज्ञको नाम,थर | समितिको दर्जा |
|---|---|---|
| १. | श्री भोलाप्रसाद अधिकारी, उपाध्यक्ष, कानेपोखरी गाउँपालिका | संयोजक |
| २. | श्री सुशील बुढाथोकी, २ नं. वडा अध्यक्ष, कानेपोखरी गाउँपालिका | सदस्य |
| ३. | श्री रत्नबहादुर कार्की, १ नं. वडा अध्यक्ष, कानेपोखरी गाउँपालिका | सदस्य |
| ४. | श्री अलङ गुरुङ, सूचना तथा प्रविधि अधिकृत, कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, बयरवन। | सदस्य |
| ५. | श्री गोविन्द्रप्रसाद फूयल, अधिकृत छैठौं, कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, बयरवन। | सदस्य सचिव |

छानवीन समितिको कार्यक्षेत्रगत शर्त (ToR)

- स्वास्थ्य विमा कार्यक्रमको औषधि आपूर्ति गर्ने पक्षले हालसम्म दावी गरेको औषधिको रकम र भुक्तानी भएको रकम सम्वन्धमा सम्पूर्ण कागजातहरु लिई छानवीन गर्ने,
- सामुदायिक स्वास्थ्य विमा कार्यक्रम लागू भएदेखि हालसम्मका कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति (साविकको बयरवन स्वास्थ्य चौकी समेत) का पदाधिकारी, कानेपोखरी अस्पताल (साविक बयरवन स्वास्थ्य चौकी समेत) का चिकित्सक लगायतका सम्वन्धित सम्पूर्ण कर्मचारीहरुसँग आवश्यकता अनुसार बयान लिने तथा सोधपुछ गर्ने,
- कानेपोखरी अस्पतालले स्वास्थ्य बिमा बोर्डसँग विमित नागरिकको स्वास्थ्योपचार वापत् सोधभर्ना लिन प्रयोगमा ल्याएको सफटवेयर तथा सिष्टम उपर विना रोकतोक निरन्तर पहुँच कायम गर्ने,
- छानवीनका क्रममा विमित नागरिकहरुसँग नियमित तथा छड्केरुपमा पहुँच कायम गरी त्यस्ता विमित नागरिकले छानवीन कार्यमा उपलब्ध गराउने तथ्यांक उपर गोपनियता कायम गर्ने,
- स्वास्थ्य विमा वोर्डसँग विगतमा सोधभर्ना मागिएका र निकासा भएको विवरण माग गर्न सक्ने,
- छानवीनको क्रममा स्वास्थ्य विमा कार्यक्रमसँग विषयविज्ञ जनशक्तिको आवश्यकता समितिले महसुस गरेमा त्यस्ता जनशक्तिको व्यवस्थापन गर्ने,
- उल्लिखित बमोजिम अध्ययन एवम् छानवीन गरी नीतिगत, कार्यक्रमगत र प्रकृयागत सुधार समेतका लागि राय सहितको प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्ने,

**मिति २०७९।०८।१७ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकको निर्णय**

पाना ॥१॥

राजमती डङ्गोल
अध्यक्ष

• कानेपोखरी गाउँपालिकाको कार्यसञ्चालन निर्देशिकाले तोके बमोजिम छानवीनको क्रममा हुने प्रशासनिक खर्चको निकासा गाउँ कार्यपालिकाको कार्यालयसँग माग गर्ने।

निर्णय नं. (२)

प्रस्ताव नं. (२) माथि छलफल गर्दा कानेपोखरी अस्पताल, बयरबनमा सञ्चालित स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न कानेपोखरी अस्पताल, बयरबनका लागि करार सेवामा एकजना फार्मेसी सहायक (स्वास्थ्य सेवा, फार्मेसी समुह, सहायक पाँचौं तह) को जनशक्ति थप गर्न कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७८ को अनुसूची १ मा उक्त पद थप गर्ने र, सो पद कानेपोखरी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७८ मा व्यवस्था भए बमोजिम तत्काल पदपूर्ति गर्ने प्रकृया अघि बढाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

पाना ॥४॥

राजमती मल्ल
अध्यक्ष

मिति २०७९।०८।१७ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकको निर्णय